नेपाल सरकार
# कृषि, वन तथा पर्यावरण मन्त्रालय

☎ ४२११९२९, ४२११८०८, ४२११९३२, ४२११६६५

सिंहदरबार, काठमाडौं
नेपाल

पत्र संख्या:-
चलानी नं.:-

## समाचारको खण्डन बारे।

उपरोक्त विषयमा राजधानिक दैनिकको जेठ ८ गतेको प्रिन्ट र अनलाइन संस्करणमा "प्रधानमन्त्रीलाई पनि मौज्दात पेसमा 'छल'" शिर्षक दिइ प्रकाशित समाचार प्रति यस मन्त्रालयको गम्भिर ध्यानाकर्षण भएको छ। नेपाल सरकार कृषकलाई रासायनिक मल उपलब्ध गराउन निरन्तर कृयाशिल रहेको र बर्तमानको असहज अन्तर्राष्ट्रिय परिस्थितिको बावजुद हाल गोदाममा रहेको र नेपाल भित्रि सकेर गोदाम इन्ट्रि हुन बाँकि रहेको गरि कृषि सामग्री कम्पनी लि. र साल्ट ट्रेडिङ्ग कर्पोरेशनका देशभरीका ६९ वटा कार्यालयहरुमा हाल १ लाख ४४ हजार ५८५ मेट्रिक टन मल मौज्दात रहेको छ। त्यसै गरि देशभर दुवै कम्पनीको स्वामित्वमा रहेको र भाडामा लिएको गरि २ लाख २६ मेट्रिक टन मल भण्डारण गर्ने क्षमता रहेको छ। तर उपरोक्त तथ्याङ्कलाई 'हावादारी तथ्याङ्क'को नाम दिइ गलत र आधारहीन समाचार प्रकाशित गरेकोमा मन्त्रालय उक्त कुराको खण्डन गर्दछ। यस वाहेक उक्त समाचार र विश्लेषणको नाममा प्रकाशित अन्य कुनै पनि विषयमा सत्यता नरहेको पनि मन्त्रालय जानकारी गराउन चाहन्छ। मन्त्रालय र मल वितरक कम्पनीहरुको कामकारवाही पूर्णतः पारदर्शी रहेको र जो कोहीले पनि यस बारे बुझ्न र प्रश्न गर्न सक्छन। तथापी सूचनाको स्रोत नखुलाई सम्वन्धित पक्षसंग पुष्टि नगरि प्रकाशन गरिएको समाचारले सरकार एवं यसका स्थापित संरचनाहरु र तिनका कामकारवाही बारे आम कृषक एवं जनमानसमा भ्रम सिर्जना गर्न सक्न भएकोले समाचार प्रकाशन गर्दा सत्य तथ्य बुझि एवं पुष्टि गरेर मात्र समाचार प्रकाशन गर्नु गराउनु हुन सम्बन्धित सवैमा अनुरोध गरिन्छ।

मिति: २०८३/०२/१२

लाल कुमार श्रेष्ठ
व.कृषि अर्थ विज्ञ/सहायक प्रवक्ता

ईमेल: info@moald.gov.np, वेवसाईट: www.moald.gov.np

CamScanner